# सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन प्रक्रिया

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षकोआंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**
पुर्णलाल राजवंशी
क्याम्पस क्रमाङ्क : ८३/२०६६
परीक्षा क्रमाङ्क : २०४००९३/२०६८
त्रि.वि.द.नं : ९-३-२०४-१५२-२००७

कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
वि.सं. २०७४ (सन् २०१७)

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००९३/२०६८ का छात्र पूर्णलाल राजवंशीले मेरो प्रत्यक्ष निर्देशनमा **सामुदायिक विद्यालयमा शैक्षिक व्यवस्थापन प्रक्रिया** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : १९ डिसेम्बर २०१७

(योन्देन सुनुवार)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्यामपस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था. : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००९३/२०६८ का छात्र पूर्णलाल राजवंशीले **सामुदायिक विद्यालयमा शैक्षिक व्यवस्थापन प्रक्रिया** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| नाम र पद | हस्ताक्षर |
|---|---|
| १. उप-प्रा. आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | .............................. |
| २. योन्देन सुनुवार<br>शोध निर्देशक | .............................. |
| ३. प्रा.डा. हेमराज ढकाल<br>बाह्य परीक्षक | .............................. |

मिति : २ जनवरी २०१८

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कनकाई क्याम्पस सुरुङ्गा, झापामा पेश गर्नका लागि तयार पारिएको हो । सर्वप्रथम शोधपत्र तयारीमा अमूल्य समय दिएर निरन्तर सहयोग र सुझाव दिनुहुने शोध निर्देशक कनकाई बहुमुखी क्याम्पसका सहायक प्रा.योन्देन सुनुवारप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययन कार्यमा सहयोग पुऱ्याउनु हुने कनकाई क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय उप प्रा. प्रमुख आशा शर्मा शिवाकोटी तथा विभागका सहायक प्रा. मोहनप्रसाद ओली, सहायक प्रा. गोपीकृष्ण भट्टराई, उपप्रा. ठाकुरप्रसाद रसाइलीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नमुना छनोटमा परेका विद्यालयहरू श्री लक्ष्मीनारायण मा.वि.का प्रधानाध्यापक खगेन्द्रबहादुर दाहाल, श्री मोती मा.वि.का खगेन्द्रप्रसाद अधिकारी र श्री भानु मा.वि.का तेजनाथ भट्टराई तथा शिक्षक, विद्यार्थी एवम् कर्मचारीहरूप्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्र प्रतिवेदनको कम्प्युटर टाइप, प्रिन्टिङ तथा बेन्डिङ गरी सहयोग पुऱ्याउनु हुने सौजन्य डेस्कटप, बिर्तामोड-१ की मैया बरालप्रति धन्यवाद व्यक्त गर्दछु ।

पुर्णलाल राजवंशी

# शोधसार

*प्रस्तुत शोधपत्र **सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन प्रक्रिया** शीर्षकमा तयार पारिएको हो । यो शोधपत्रको मुख्य उद्देश्य सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनको विद्यमान अवस्थाको अध्ययन गर्नु हो । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक व्यवस्थापनमा जोड दिनु आवश्यक भएकाले शैक्षिक व्यवस्थापनमा बढी केन्द्रित भई प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ ।*

*यो अध्ययन गुणात्मक विधिबाट प्राप्त सूचनालाई व्याख्या गरी निष्कर्ष निकाल्नमा केन्द्रित रहेको छ । अध्ययनलाई अगाडि बढाउन प्रश्नावली, अवलोकन र रुजुसूची जस्ता साधनहरूको प्रयोग गरिएको छ । यस अध्ययनका क्रममा प्राथमिक स्रोतभित्र प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, सामूहिक र रुजुसूची जस्ता साधनहरूको प्रयोग गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत विद्यालय सुधार योजना, अभिलेख, बैठक पुस्तिका, लेख रचना, चार्टहरू, तालिका र विद्यालयका अन्य फायलहरूको समेत प्रयोग गरिएको छ । यो अध्ययन गर्नका निमित्त दुधे स्रोतकेन्द्रबाट ३ वटा सामुदायिक विद्यालयहरूका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रत्येक विद्यालयहरूबाट ३/३ जना पर्ने गरी ९ जना शिक्षकहरू, ३ जना प्रधानाध्यापकहरू र १५ जना विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी समूह छलफल, विद्यालय अवलोकन, रुजुसूची र प्रश्नावलीको माध्यमबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । गुणात्मक रुपमा सूचनालाई विश्लेषण गरिएको छ । यस अध्ययनलाई पूरा गर्नका लागि व्यवस्थापनका विभिन्न सिद्धान्तहरूमध्ये व्यवहारवादी सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ । विद्यालयको शैक्षिक व्यवस्थापन कमजोर बन्दै गइरहेको वर्तमान अवस्थामा व्यवस्थापनका यी सिद्धान्तहरूले सहयोग पुऱ्याउन सक्ने हुँदा यिनीहरूलाई अध्ययनको सैद्धान्तिक खाकाको रूपमा राखिएको छ ।*

*अध्ययनको क्रममा सम्बन्धित तथ्यहरूको विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनको केन्द्रको रूपमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति रहेको पाइयो । यद्यपि शैक्षिक योजना निर्माण र कार्यान्वयन, विद्यार्थी परामर्श सेवा, परीक्षा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन तथा पष्ठपोषण दिने जस्ता कार्यमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको भूमिका प्रभावकारी नभएको देखिन्छ । त्यस्तै विद्यालय तथा कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन, पृष्ठपोषण प्रदान जस्ता कार्यमा स्रोतव्यक्तिहरूको*

*नियमितता नभएको देखिन्छ भने विद्यालय निरीक्षणका यस्ता क्रियाकलापमा विद्यालय निरीक्षकको संलग्नता नै नभएको देखिन्छ । विद्यालय र समुदायबीच प्रगाढ सम्बन्ध हुन नसक्नु, विद्यालयमा पर्याप्त दरवन्दी उपलब्ध नहुनु, राजनैतिक किचलो, विद्यार्थी अनियमितता, विभिन्न प्रकृतिका शिक्षक रहने वर्तमान राष्ट्रिय शैक्षिक नीतिको कारण शिक्षकहरूको मनोवल उच्च हुन नसक्नु, बालमैत्री शिक्षण हुन नसक्नु, निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको अनियमितता जस्ता समस्याहरू विद्यालयमा रहेको निष्कर्ष निकालिएको छ । विद्यालयको शैक्षिक व्यवस्थापन सुधारका लागि विद्यालयमा रहेका सम्पूर्ण शिक्षक, कर्मचारी तथा समुदायबीच सुमधुर सम्बन्ध कायम राख्नुपर्ने, योजना निर्माण र निर्णय प्रक्रियालाई सहभागितामूलक बनाइनुपर्ने, कार्यक्षमता अभिवृद्धिको लागि विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकले आवश्यक पहल गर्नुपर्ने, सरकारले शैक्षिक लगानीमा वृद्धि गर्नुको साथै स्पष्ट नीति निर्माण गरी शिक्षकको पेशागत स्थायित्वको व्यस्वस्था गर्नुपर्ने, सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई प्रभावकारी बनाइ दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने र विद्यालय सुधारका लागि सरोकारवाला सबैले हातेमालो गर्दै आ-आफ्नो क्षेत्रबाट दत्तचित्त भएर लागिपर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।*

# विषयसूची

**विषय** **पृष्ठ**

**परिच्छेद एक : परिचय**


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धानात्मक प्रश्नहरू ८

१.६ अध्ययनको परिसीमा ९


**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाका १५

२.३ शैक्षिक उपादेयता १७


**परिच्छेद तीन : अध्ययन विधि**


३.१ अनुसन्धान ढाँचा १९

३.२ अध्ययनको जनसङ्ख्या र नमुना २०

३.३ तथ्याङ्क सङ्कलनका साधन २१

३.३.१ प्रश्नावली २१

३.३.२ लक्षित समुह छलफल २१

३.३.३ विद्यालय अवलोकन रुजुसूची २२

३.४ तथ्याङ्कका स्रोत २२

३.४.१ प्राथमिक स्रोत २२

३.४.२ द्वितीय स्रोत २२

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २२

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २३

## परिच्छेद चार : नतिजाको विश्लेषण

४.१ सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनको वर्तमान अवस्था २४
४.१.१ योजना निर्माण र कार्यान्वयनको अवस्था २४
४.१.२ विद्यालयमा भौतिक/शैक्षिक सामग्री व्यवस्थापनको अवस्था २५
४.१.३ शिक्षक विद्यार्थी उपस्थिति, कक्षा सञ्चालन र वैकल्पिक व्यवस्थाको अवस्था २७
४.१.४ समस्यामूलक तथा कमजोर विद्यार्थीको लागि विशेष व्यवस्था २९
४.१.५ पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षणिक सामग्रीको उपलब्धता तथा प्रयोगको अवस्था ३०
४.१.६ कक्षा अवलोकन तथा निरीक्षणको अवस्था ३२
४.१.७ प्र.अ. तथा शिक्षकको कार्यमूल्याङ्कनको अवस्था ३३
४.१.८ विद्यार्थी मूल्याङ्कन र प्रगति विवरण व्यवस्थापनको अवस्था ३५
४.२ सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले गरेका कार्यहरू ३६
४.३ सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा देखा परेका समस्याहरू ३७
४.४ सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा समस्या समाधानका उपायहरू ४०

## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

५.१ निष्कर्ष ४४
५.२ सुझाव ४६
५.२.१ नीतिगत तह ४६
५.२.२ अभ्यास तह ४८
५.२.३ अनुसन्धान तह ४९
**सन्दर्भग्रन्थसूची**
**अनुसूची**